जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९,

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २८६ २०७९ साल असार १० गते शुक्रबार (24 June 2022 Friday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ?

हो भने,

त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : घरदैलोमै सुरक्षित गर्भपतन.. ३ पृष्ठमा : 'विपद्बाट हुने धनजनको ... ३ पृष्ठमा अफगानिस्तानका भूकम्प ...

# जिल्ला समन्वय समितिको प्रमुखमा काँग्रेसबाट दुईसहित तीनको उम्मेदवारी

## दुई गठबन्धनको प्यानलसहित मनोनयन दर्ता




**दैनिक समाचारदाता राजविराज, ९ असार ।**

जिल्ला समन्वय समिति सप्तरीको असार १२ गते हुने पदाधिकारीको निर्वाचनमा नेपाली काँग्रेसबाट दुई जनाको प्रमुख पदमा मनोनयन दर्ता भएको छ भने जसपाबाट एक जनाको उम्मेदवारी परेको छ ।

केन्द्रीय सहमति र गठबन्धन विपरीतको तालमेल गरि बिहीबार विभिन्न दलले जिल्ला समन्वय समितिको निर्वाचनका लागि उम्मेदवारी दर्ता गराएका छन् ।

जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुखसहित ९ पदका लागि हुने निर्वाचनमा १२ मत रहेको नेपाली काँग्रेसले ५ मत रहेको लोसपा, ३ मत रहेको जनमत तथा २/२ मत रहेको नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत (समाजवादी) सँग तालमेल गरि प्यानल बनाएर मनोनय पत्र दर्ता गराएका छन् ।

नेपाली काँग्रेसले प्रमुखसहित ३ पद लिएका छन् भने लोसपाले उपप्रमुखसहित २, जनमतले २ तथा नेकपा एस र माओवादी केन्द्रले एक/एक सिट बाडेका छन् । यस प्यानलबाट नेपाली काँग्रेसका गुन्जेश्वर प्रसाद सन्त र शिवनारायण साह दुबैले प्रमुख पदमै उम्मेदवारी दिएका छन ।

यस्तै जसपा-नेकपा (एमाले) गठबन्धनबाट जसपाका छेदी अरगरिया यादवले प्रमुख पदमा मनोनयन पत्र दर्ता गराएका छन् । उक्त गठबन्धनबाट उपप्रमुख पदमा एमालेका देवकान्त चौधरीले मनोनयन पत्र दर्ता गराएका छन् । जसपासँग ८ र नेकपा एमालेसँग ४ मत रहेको छ । १८ पालिका रहेको सप्तरीमा कुल ३६ मतदाता छन् ।

जता काँग्रेसबाट प्रमुख पदमा दुई जनाले उम्मेदवारी दिएपछि पार्टी भित्रै आन्तरिक बिवाद सुरू भएको छ । काँग्रेसका जिल्ला सभापति रामदेव साहले आधिकारीक उम्मेदवार शिव नारायण साह नै रहेकोले नाम सिफारिस गरी प्रमुख पदमा मनोनयन दर्ता गराएको बताएका छन् भने केन्द्रीय सदस्य दिनेश यादबले जिल्ला समितिको बहुमत सदस्य तथा नेपाली काँग्रेसको सिफारिसमा गुन्जेश्वर प्रसाद सन्तले प्रमुख पदमा मनोनयन पत्र दर्ता गराएको दाबी गरेका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले भने तीन वटै प्रमुख पदका उम्मेदवारको मनोनयन पत्र दर्ता गरेको छ । यद्दपी निर्वाचन कार्यालयले जारी गरेको मनोनयन पत्र दर्ता नामावली सुचीमा काँग्रेसको तर्फवाट शिव नारायण साहको नाम राखिएको छ भने गुन्जेश्वर प्रसाद सन्तको नाम प्रबिष्ट हुन बाकीमा उल्लेख गरिएको छ ।

जसपाका जिल्ला अध्यक्ष केदार यादवले लोसपाले आफ्नो गठबन्धनमा सहभागि हुने लिखित सम्झौता गरे पनि अन्तिम क्षणमा आएर काँग्रससँग मिलि धोखा दिएको बताए । लोसपाका जिल्ला अध्यक्ष सुनिल झाले त्यस्तो कुनै सम्झौता नगरेको दाबी गर्दै भने, जसले सम्मानजनक स्थान दियो उत्तै जाने निर्णय गरेका हौं ।

उम्मेदवारी दर्तासँगै एक दलले अर्को दलको मत आफ्नो पक्षमा तान्न कसरत सुरु गरेका छन् । जातिय नारादेखी अन्य सबै श्रोतसाधन र शक्तिको प्रयोग गरि मतदातालाई आफुतिर तान्न सबै दल र उम्मेदवार सक्रिय भएका छन् ।

जितका लागि कुल १९ मत चाहिएकोमा अन्तरघात नभए काँग्रेस, लोसपा, जनमत, नेकपा एस र माओवादी केन्द्र सम्मिलित गठबन्धनले सजिलै जित हात पार्ने अनुमान गरिएको छ ।

# रेल्वे विधेयक, २०७९ राष्ट्रियसभामा पेश

काठमाडौँ, ९ असार (रासस) ।

राष्ट्रियसभाको बिहीबारको बैठकमा 'रेल्वे विधेयक, २०७९' पेश भएको छ । भौतिक, पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले रेल्वे विधेयक, २०७९ पेश गर्नुभएको हो । बैठकमा मन्त्री यादवले सो विधेयक संसद्बाट पारित भएपछि देशको आर्थिक समुन्नतिमा महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो ।

उहाँले रेल्वे सेवा सञ्चालनले आम नागरिकलाई सरल र सुविधायुक्त यातायातको सुविधा उपलब्ध हुने विश्वास व्यक्त गर्नुभयो । विधेयकमा चालक र सहचालकका लागि अनुमति दिने निकाय र अधिकारीको व्यवस्था, यात्रुको मालसामानको ढुवानी, यात्रु क्षतिपूर्तिको आधार र मापदण्ड तोक्ने, रेल्वेसम्बन्धी दुर्घटनाको छानबिन गरी क्षतिपूर्तिको व्यवस्था गर्नेलगायतका विषय समावेश रहेको छ ।

हालजनकपुर-जयनगर रेल सञ्चालनमा आएकाले सो सम्बन्धमा तत्काल कानुन निर्माण गर्न आवश्यक रहेको मन्त्री यादवको भनाइ थियो ।

***बाँकी तीन पृष्ठमा***

# बस दुर्घटनामा एक महिला यात्रुको मृत्यु, ११ जना घाइते



**दैनिक समाचारदाता राजविराज, ९ असार ।**

सप्तरीको हनुमाननगर कंकलिनी नगरपालिका १ भारदहस्थित कोशी ब्यारेज सडक खण्डमा विहीवार बिहान यात्रु बाहक बस दुर्घट्ना हुँदा एक महिलाको मृत्यु भएको छ भने सो दुर्घटनामा ११ जना घाईते भएका छन् । जस मध्ये चार जनाको अवस्था गम्भीर छ ।

***बाँकी अन्तिम पृष्ठमा***

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### भारतीय आयोजनाहरु सम्पन्न गराउन पहल थालौं

भारतीय दुतावासको सहयोगमा सप्तरीमा संचालित अधिकांश आयोजनाहरु अझै पुरा हुन नसकेका कारणले सम्पुर्ण जिल्लाबासीहरुलाई त्यसको प्रत्यक्ष असर परेको छ । भारत सरकारको लगानीमा जिल्लाको सदरमुकाम राजविराजस्थित कन्या छात्राबास निर्माण कार्य शुरु गरेको डेढ दशक भन्दा बढी समय बित्तिसक्दा पनि अझै सो निर्माण कार्य पुरा हुन सकेका छैन । जसका कारणले जिल्लाका हजारौ विद्यार्थीहरुलाई निकै समस्या खेप्नुपरीरहेको छ । भारत सरकारको लगानीमा निर्माणाधिन सो कन्या छात्रावास निर्माण भएपछि जिल्लाका विभिन्न स्थानका हजारौ विद्यार्थीहरुले सो छात्रावासमा बसेर अध्ययन अध्यापन गर्न सकिने थियो, तर बर्षौ अघि निर्माण कार्य थालिएको सो कन्या छात्रवाससँगै जिल्लाका अन्य विभिन्न आधा दर्जन आयोजनाहरु अझै अलपत्र अवस्थामा रहेको छ ।

त्यस्तै भारतीय लगानीमै जिल्लाको ब्रहमपुर र बोरिया गाविसमा संचालित विद्यालय भवनहरु मध्ये केही स्थानको आयोजना त पुरा भयो तर सप्तरी जिल्लामा संचालित अधिकांश भारतीय आयोजनाहरु अझै पुरा हुन सकेका छैन । ति भारतीय आयोजनाहरु ठेकेदार तथा सम्बन्धित निकायकै लापर्वाहीका कारणले अझै अलपत्र अवस्थामा रहेको जसका कारणले भारत सरकाले सप्तरीमा पुराना आयोजानहरु पुरा नहुन्जेलसम्मको लागि नयाँ आयोजनाहरु नथप्ने निर्देशन नै दिईसकेकाले त्यसको प्रत्यक्ष असर सम्पुर्ण जिल्लाबासीहरुमा परेको छ ।

तसर्थ भारत सरकारको लगानीमा संचालित आयोजनाहरुलाई छिटो भन्दा छिटो पुरा गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने जरुरी रहेको छ । जसले गर्दा जिल्लाको साख जोगाउन मद्दत पुग्ने छ ।

# घरदैलोमै सुरक्षित गर्भपतन सेवाः छैन सेवाग्राहीलाई जानकारी

काठमाडौँ, ९ असार (रासस) ।

सरकारले घरदैलोमै सुरक्षित गर्भतन सेवा सुरुआत गरे पनि अनधिकृत औषधिबाट गर्भपतन गराउनेक्रम अझै रोकिएको छैन । दक्ष स्वास्थ्यकर्मीका सल्लाहबिना सेवन गर्ने यस्ता औषधिले महिलाको ज्यानसमेत जोखिममा पर्दै गएको छ भने कतिपयको त अकालमै मृत्यु भएको जनाइएको छ ।

नेपाल परिवार नियोजन सङ्घ, उपत्यका शाखाका व्यवस्थापक शरद अर्यालले भन्नुभयो, "दक्ष स्वास्थ्यकर्मीका सल्लाहबिना औषधि पसलका जथाभावी औषधिबाट गर्भपतन गराउने क्रम अझै रोकिएको छैन । यस्ता अवैध औषधिले जटिलता उत्पन्न गराएपछि अन्तिम अवस्थामा स्वास्थ्य संस्थामा जाने क्रम पनि घटेको पनि देखिँदैन ।"

नेपालमा बर्सेनि कति महिलालाई सुरक्षित गर्भपतनको सेवा आवश्यक पर्छ र कति सेवाग्राहीले औषधि पसलका औषधिबाट गर्भपतन सेवा लिन्छन् भन्ने यकिन तथ्याङ्क सरकारी निकायसँग छैन । जिल्ला, प्रादेशिक तथा सङ्घीय अस्पतालसहित सूचीकृत स्वास्थ्य संस्था एवं 'घरमा नै सुरक्षित गर्भपतन सेवा पाइन्छ' भन्ने जानकारीको अभावमा पनि सेवाग्राही अझै औषधि पसलमा निर्भर पर्ने गरेको जनाइएको छ ।

असुरक्षित गर्भपनतलाई अन्त्य गर्न सङ्घले 'प्रजनन स्वास्थ्य स्वयंसेविका' परिचालन गरी गर्भपतन सेवा आवश्यक पर्नेलाई खोज- पडताल गरी आफ्नो क्लिनिकमार्फत सेवा प्रदान गरिराखेको छ । "सुरक्षित गर्भपतन सेवाअन्तर्गत हामी क्लिनिक र औषधि सेवनमार्फत दुवै सेवा प्रदान गर्छौं", व्यवस्थापक अर्यालले भन्नुभयो ।

**प्रभावकारी हुन सकेन घरदैलो सेवा**

आवश्यक सूचना तथा जानकारीका अभावमा सुरक्षित गर्भपतन तथा परिवार व्यवस्थापन घरदैलो सेवा प्रभावकारी हुनसकेको छैन । सरकारले विविध कारणले स्वास्थ्य संस्थामा पुग्न नसक्ने एवं पहुँच नै नपुग्ने विपन्न, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायलाई घरमै सुरक्षित गर्भपतन सेवा तथा आवश्यक परिवार व्यवस्थापन (नियोजन)का सेवा प्रदान गर्न सुरुआत गरेको थियो । विशेषगरी कोरोना महामारीमा प्रजनन, मातृ, नवजात शिशु तथा बालस्वास्थ्य सेवालाई निरन्तरता दिन विसं २०७७ वैशाखदेखि घरदैलो सेवा थालनी गरिएको थियो । यसबाट परिवार नियोजनका साधनमा पहुँच अभिवृद्धि हुने र सुरक्षित गर्भपतन सेवासमेत निरन्तरता जारी रहने अपेक्षा लिइएको थियो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यो सेवालाई सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८ मा समेत समावेश गरेको छ । मन्त्रालयले 'कोभिड-१९ महामारीः प्रजनन, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाको अन्तरिम निर्देशिका, २०७७' जारी गर्दै ती क्षेत्रमा टेलिफोन परामर्श तथा घरदैलो सेवा सञ्चालन गरेको थियो । अहिले पनि ती सेवा जारी नै रहेको स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाले जनाएको छ ।

अहिलेसम्म कतिले घरदैलो सेवा पाए भन्ने आधिकारिक तथ्याङ्क छैन । महाशाखाअन्तर्गतको परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखा उपलब्ध सेवाका बारेमा आवश्यक सेवाग्राहीलाई जानकारी नहुँदा कार्यक्रम कार्यान्वयनमा चुनौती रहेको जनाएको छ । महामारीमा परिवार नियोजनको सेवाको प्रयोगदर ३९ बाट ३७ प्रतिशतमा झरेको थियो ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार परिवार नियोजन सेवा उपभोग गरी कम्तीमा दुई वर्षको गर्भान्तर गरेमा खण्डमा १० प्रतिशत शिशु र ३० प्रतिशत मातृ मृत्युदर घट्ने छ । मातृ तथा बाल मृत्युदरमा कमी ल्याउन परिवार नियोजनका सेवामा पहुँच विस्तार अनिवार्य मानिन्छ । नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०१६-२०२१)ले मातृ मृत्युदर प्रति एक लाख जीवित जन्ममा १२५ मा झार्ने अति महत्वकाङ्क्षी लक्ष्य राखेको थियो । यसैगरी दिगो विकास लक्ष्यले सन् २०३० सम्म नेपालमा नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर प्रति एक हजार जीवित जन्ममा क्रमशः १२ र २० मा झार्ने लक्ष्य राखेको छ । यी लक्ष्य हासिल लगभग असम्भव देखिएको छ ।

निर्देशिकाले पहिलोपटक तालिमप्राप्त स्वास्थ्यकर्मीलाई सुरक्षित गर्भपतन सेवा प्रदान गर्न स्वीकृति प्रदान गरेको थियो । विसं २०७३ देखि सूचीकृत सरकारी स्वास्थ्य सस्थामा मात्र औषधि र क्लिनिकल माध्यमबाट सुरक्षित गर्भपतन सेवा निःशुल्क प्रदान गरिँदै आइएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, नियमावली २०७७ का प्रावधानअनुरुप स्वास्थ्यकर्मीलाई सो अधिकार प्रदान गरिएको हो । सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८ ले तीनै तहका सरकारलाई ती ऐन, नियमावली तथा निर्देशिका कार्यान्वयमा थप सहजीकरण गरिदिएको छ । आवश्यक जनशक्तिको अभाव देखाउँदै स्थानीय पालिकाहरूले निर्देशिकालाई प्रभावकारी कार्यान्वयन गर्न सकिरहेका छैनन् ।

हालसम्म सुरक्षित गर्भपतन सेवाका लागि ५३० स्वास्थ्य संस्था सूचीकृत भएका छन् भने तीन हजारभन्दा बढी स्वास्थ्यकर्मीले तालिमप्राप्त गरी सो सेवा प्रदान गरिराखेका जनाइएको छ । 'मिफेप्रिस्टोन' र 'मिसोप्रोस्टोल' नामक औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन सेवा (एमए) नेपालमा बढी प्रयोगमा छ । यो १० हप्ताभित्रको गर्भको लागि सुरक्षित मानिन्छ । तालिम तथा अनुमतिप्राप्त नर्सले सुरक्षित गर्भपतनका लागि घरमा पुगेर सो सेवा दिनसमेत सुरुआत गरेका छन् । ग्रामीण क्षेत्रमा यो सेवा अति प्रभावकारी रहेको स्वास्थ्य मन्त्रालयको दाबी छ ।

यसैगरी १२ हप्तासम्मको गर्भपतनलाई 'म्यानुअल भ्याकुम एस्पिरेशन (एमभिए)' विधिमार्फत तालिमप्राप्त स्वास्थ्यकर्मीद्वारा औजारका माध्यमबाट गरिन्छ । तेह्रदेखि १८ हप्तासम्म गर्भलाई 'कम्प्रिहेन्सिब इमर्जेन्सी अब्सटेटिक नियोनेटल कियर' सुविधा भएको सूचीकृत स्वास्थ्य संस्थामा तालिमप्राप्त स्वास्थ्यकर्मीद्वारा डाइलेटेशन एण्ड इभ्याकुएशन (डिएण्ड) गरिन्छ ।

मेरीस्टोपका वरिष्ठ कार्यक्रम व्यवस्थापक डा केपी उपाध्ययाय औषधि विधि (एमए) बाट गरिने गर्भपतन सेवा प्रभावकारी रहेको जानकारी दिनुभयो । उहाँ भन्नुहुन्छ, "महामारीका समयमा पनि गर्भपतन सेवा लिन चाहनेका लागि हामीले घरदैलो सेवा प्रदान गरौँ । विशेषगरी मेरीस्टोपले एमए विधिबाट ४०० भन्दा बढीलाई सुरक्षित गर्भपतन सेवा उपलब्ध गराएको छ । अगामी दिनमा यसलाई सरकारले निरन्तरता दिनु आवश्यक छ ।"

महाशाखाका अनुसार गत आर्थिक वर्षमा सुरक्षित गर्भपतनको सेवा लिनेको सङ्ख्या ९५ हजार ४९२ रहेका मध्ये २० वर्षमुनिका सङ्ख्या आठ हजार २२३ रहेको थियो । तीमध्ये सबैभन्दा बढी औषधि विधि बढी भएको जनाइएको छ । विसं २०७६ चैत ११ गतेदेखि विसं २०७७ साउन ६ सम्मका लकडाउनमा मात्र १३४ सुत्केरी तथा गर्भवतीले अकालमा ज्यान गुमाएका थिए । वरिष्ठ जनस्वास्थ्य अधिकृत रामकृष्ण फुँयाल भन्नुहुन्छ, "महामारीका सुरुआती चरणमा परिवार नियोजनका साधनको मागलाई पूर्ति गर्न समस्या देखियो । कोरोना नियन्त्रणलाई प्राथमिकता दिइएका कारण सुरक्षित गर्भपतन सेवा प्रदान गर्न केही अप्ठ्यारो भएको हो । पछिल्लो दिनमा सेवा सुरु भएको छ । सेवाका बारेमा अझै जानकारी छैन । सेवा लिनसमेत अझै हिचकिचाउने प्रवृत्ति छभन्। सुरक्षित गर्भपतन सेवा परिवार नियोजनको साधन होइन भन्ने कुरालाई समुदायमा बुझाउन जरुरी छ ।"

जन्मदर घट्नु र असुरक्षित गर्भपतन बढ्नु चिन्ताको विषय मानिन्छ । वातावरण स्वास्थ्य र जनसख्या कार्यक्रम अनुसन्धान केन्द्र (कृपा)का सहनिर्देशक डा महेश पुरी भन्नुहुन्छ, "महामारीका समयमा परिवार नियोजनका साधनमा पहुँच र उपलब्धता नहुँदा, समयमा सुरक्षित गर्भपतन सेवा नपाउँदा अनिच्छुक गर्भधारणा बढेको र सुरक्षित गर्भपतन भने घट्न गएको हो । यसले गर्दा यौन तथा प्रजनन स्वास्थ्य सेवाका सूचकलाई असर पार्छ ।" कृपाका एक अध्ययनअनुसार नेपालमा वार्षिकरूपमा तीन लाख २३ हजार गर्भपतन हुन्छ । तीमध्ये ४२ प्रतिशत सूचीकृत र ५८ प्रतिशत असूचीकृत संस्थामार्फत हुन्छ । अर्कोतर्फ परिवार नियोजन सेवाको विस्तार अपेक्षाअनुसार हुनसकेको छैन । हाल आधुनिक परिवार नियोजन सेवाको प्रयोग दर ४२.८ प्रतिशत छ । अझै पनि प्रजनन उमेरका २३.७ प्रतिशत महिलाले परिवार नियोजन सेवा प्रयोग गर्न चाहेर पनि सेवा प्राप्त गर्न सकेका छैनन् ।

गर्भनिरोधकका अस्थायी आधुनिक पाँच प्रकारका साधन (ढाल, पिल्स, डिपो, इन्प्लान्ट र आइयुसिडी)को प्रयोगदर बढ्न नसक्नु (स्थिर रहनु), परम्परागत विधिका प्रयोगकर्ता उल्लेख्यरूपमा बढ्नु, असन्तुलित दरमा प्रजननदर घट्नु र परिवार नियोजनका साधन चाहेर पनि पाउन नसक्ने दर (अनमेट निड) घट्नुले समस्या देखिएको छ । व्यवस्थापक अर्याल सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८ कार्यान्वयनमा जोड दिनुहुन्छ । उहाँले भन्नुहुन्छ, "महामारी तथा

*बाँकी तीन पृष्ठमा*

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘विपद्‌बाट हुने धनजनको सुरक्षामा सबै निकाय जुटौं’

जनकपुर, ९ असार (रासस)।

मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले विपद्‌बाट हुने धनजनको सुरक्षामा जुट्न सबै निकायसँग आग्रह गर्नुभएको छ।

बिहीबार बिहान बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकलाई सम्बोधन गर्दै उहाँले सबै निकाय मिलेर अघि बढे विपद्‌बाट हुने धनजनको क्षतिलाई कम गर्न सकिने विश्वास व्यक्त गर्नुभयोर।

“मौसम पूर्वानुमान विभागलगायतका निकायले यस वर्ष ठूलो विपद् आउन सक्ने सम्भावना रहेको बताइरहेको छ, त्यसैले हामी सबै निकाय मिलेर विपद्‌बाट हुनसक्ने धनजनको क्षतिलाई कम गर्नुपर्छ”, मन्त्री साहले भन्नुभयो, “सुरक्षा निकायसँगै तीनै तहको सरकार मिलेर जानुपर्छ।”

बाढीको उच्च जोखिममा रहेका नदी किनारका बस्ती, चुरे उजाड क्षेत्रको छेउछाउका बस्ती, गहिरो तथा सीमावर्ती क्षेत्रमा डुबानमा पर्नेजस्ता बस्तीलाई लक्षित गरी विपद् न्यूनीकरण तथा उद्धारका लागि प्रदेश सरकार पूर्वतयारीमा जुटिसकेको उहाँले बताउनुभयो। मन्त्री साहको अध्यक्षतामा बसेको बैठकमा सुरक्षा निकायका प्रदेश प्रमुख, रेडक्रस सोसाइटीका सभापति, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको उपस्थिति थियो।

**प्रदेशमा एउटा हेलिकोप्टर २४ घण्टा स्ट्याण्डबाइ राख्ने निर्णय**

प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बिहीबार बसेको बैठकले मधेस प्रदेशमा कम्तीमा एउटा हेलिकोप्टर २४सै घण्टा स्टचाण्डबाइ राख्नका लागि नेपाली सेनालाई सिफारिस गर्ने निर्णय गरेको छ। गृह तथा सञ्चारमन्त्री साहको अध्यतामा बसेको बैठकले प्रत्येक पालिकामा कम्तीमा एउटा हेलिप्याड अनिवार्य बनाउने निर्णय भएको मन्त्रालयका सचिव रामकुमार महतोले जानकारी दिनुभयो।

सकेसम्म सबै वडामा हेलिप्याड बनाउन प्रयास गर्ने नभए कम्तीमा पालिकामा एउटा अनिवार्य बनाउने निर्णय भएको सचिव महतोले बताउनुभयो। मनसुनजन्य विपद्‌बाट हुने सम्भावित जनधनको क्षति न्यूनीकरणका लागि सुरक्षा निकायका हरेक युनिटलाई उद्धार सामग्री उपलब्ध गराउने, सुरक्षा निकायमा र्‍यापिड रिस्पोन्स टिम परिचालनका लागि मेडिकल सामग्री उपलब्ध गराउन सामाजिक मन्त्रालयसँग समन्वय गर्ने निर्णय भएको उहाँले जानकारी दिनुभयो।

प्रदेशमा रहेको आपतकालीन कार्य सञ्चालन केन्द्र (पिइओसी) लाई प्रभावकारी बनाउने र टोल फ्रि नम्बर राख्ने निर्णय गरिएको छ। यस्तै यही असार १७ गतेदेखि मनसुनजन्य विपद् उद्धारका लागि कमला नदीमा कृत्रिम पूर्वाअभ्यास गर्ने, विपद्‌बाट बच्न जनचेतना फैलाउन विपद्‌सम्बन्धी स्थानीय भाषामा अडियो तथा भिडियो सामग्री उत्पादन एवं प्रसारण गर्नेजस्ता निर्णय भएको सचिव महतोले बताउनुभयो ।

# ‘गाँजा खेतीसम्बन्धीको विधेयक छलफलमा ल्याइयोस्’

काठमाडौँ, ९ असार (रासस)।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसद शेरबहादुर तामाङले गाँजा खेतीलाई नियम तथा व्यवस्थापन गर्न बनेको विधेयक तत्काल छलफलमा ल्याउन माग गर्नुभएको छ।

उहाँले नै विसं २०७६ फागुन १० गते नै उक्त विधेयक सदनमा दर्ता गर्नुभएको थियो। प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समयमा उहाँले दर्ता विधेयकको कपी चार दिनभित्र सांसदहरूलाई दिनुपर्ने कानुनी व्यवस्था भए पनि कार्यान्वनय हुन नसकेको भन्दै सभामुखको ध्यानाकर्षण गराउनुभयो।

विधेयक दर्ता भएको दुई वर्ष पाँच महिना १६ दिन बितिसकेको उल्लेख गर्दै उहाँले छलफलमा नल्याएर जनप्रतिनिधिको अधिकार हनन गरिएको बताउनुभयो। उहाँले गाँजा औषधिजन्य वनस्पति भएको प्रमाणित भइसकेको र एचआइभी, क्यान्सरलगायत धेरै रोगको पीडा कम गर्ने औषधि हुनसक्ने भएकाले गाँजा खेतीलाई वैधानिक बनाउनेतर्फ अघि बढ्न आग्रह गर्नुभयो।

उहाँले सांसदले उठाएका र समितिले दिएका निर्देशन आठ प्रतिशतभन्दा बढी कार्यान्वयन नदेखिएको भन्दै सांसदले उठाएका विषय संसद्ले कति कार्यान्वनय गऱ्यो भनी प्रश्न गर्नुभयो। सांसद तामाङले मुलुकका रोजगारीको सिर्जना हुन नसकिरहेको अवस्थामा नेपाली युवा आकाशबाट जाने र बाकसमा आउने दर्दनाक अवस्था रहेको दुःखेसो पोख्नुभयो। यस अवस्थामा उक्त विधेयक पारित भए युवाले रोजगारी पाउने विश्वास व्यक्त गर्नुभयो।

विशेष समयमा सांसद डा डिला सङ्ग्रौला पन्तले विराटनगर विमानस्थलको काम तुरुन्त सुरु हुनुपर्नेमा जोड दिनुभयो। उहाँले सडक सङ्घर्ष गरिरहेका नागरिकको माग सम्बोधन गर्न र विपद् व्यवस्थापनमा लाग्न आग्रह गर्नुभयो।

सांसद शक्तिबहादुर बस्नेतले मौलिक हक कार्यान्वयनका लागि केही कानुन नबनेको र बनेका पनि राम्ररी कार्यान्वनय हुन नसकेको गुनासो पोख्नुभयो। सांसद गजेन्द्रबहादुर महतले ओरालो लागेको शेयर बजारको विषयमा गम्भीर हुन आग्रह गर्नुभयो।

सांसद सूर्यप्रसाद पाठकले सशस्त्र प्रहरीमा बढुवा, सरुवामा भएको नातावादका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले सर्वोच्चको फैसलाका विपरीत प्रहरी नियमावलीहरू संशोधनको प्रयास भइरहेको भन्दै त्यसतर्फ ध्यान दिन आग्रह गर्नुभयो।

सांसद गङ्गा चौधरीले जताततै भ्रष्टाचार, बिचौलियाको कमिशन देख्दा समाज कतातिर जाँदै छ भनेर प्रश्न उठाउनुभयो। विशेष समयमा सांसद सरलाकुमारी यादव, प्रमोदकुमार यादव, नवराज सिलवाललगायतले धारणा राख्नुभएको थियो।

बैठकमा सांसद प्रेम सुवालले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेका जीवन सङ्गिनी शोभा प्रधानको निधनप्रति शोक वक्तव्य प्रस्तुत गर्नुभएको थियो।

*रेल्वे विधेयक, २०७९...*

संसद्को अधिवेशन चालु नभएको अवस्थामा पछिल्लो समय संविधानको धारा ११४ को उपधारा १ बमोजिम गत चैत ६ गते रेल्वेसम्बन्धी अध्यादेश, २०७८ जारी भएर हाल कार्यान्वयनमा रहेको छ।

अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक सङ्घीय संसद्मा पेश गरी रेल्वेसम्बन्धी कानुनी व्यवस्थालाई निरन्तरता दिनु आवश्यक रहेको उहाँको भनाइ छ। यसअघि रेल्वे ऐन, २०२० रहेको थियो। सो ऐनमा चालकको योग्यता, रेल्वेसम्बन्धी अपराध र सजायको व्यवस्था रहेको थियो।

सरकारले विसं २०७७ वैशाख ८ मा रेल्वे अध्यादेश २०७७ जारी गरेपछि पुरानो ऐन खारेज भएको थियो। राष्ट्रियसभाको अर्को बैठक यही असार १० गते शुक्रबार दिनको १ बजे बस्नेछ।

*घरदैलोमै सुरक्षित ...*

विपद्का अवस्थामा पनि यौन तथा प्रजनन स्वास्थ्यलाई प्रभावित हुन नदिन सङ्घले आफ्नो सेवालाई निरन्तर दिँदै आएको छ। लकडाउन पहिलो हप्तामा नै आवश्यक स्वास्थ्य सावधानी अपनाउँदै क्लिनिकहरू सञ्चालन ल्यायौँ। समुदायमा रहेका हाम्रा प्रतिनिधिमार्फत घरदैलोमा नै परिवार नियोजनका साधन वितरण तथा तालिमप्राप्त स्वास्थ्यकर्मीमार्फत सुरक्षित गर्भपतन सेवा प्रदान गऱ्यौँ। यो क्रम अहिले पनि जारी छ।”

गर्भ निरोधकमा आधुनिक साधन, मातृत्व र नवजात शिशु स्याहारमा लगानी बढाउन आवश्यक रहेको छ। नेपालमा करिब ६४ प्रतिशत महिलाले मात्र विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेअनुसारका कम्तीमा चारपटक गर्भ परीक्षण, ६१ प्रतिशतले तालिमप्राप्त स्वास्थ्यकर्मीको सहायताले सुत्केरी हुने गर्दछन्। अर्को एक अध्ययनका अनुसार नेपालका ५० प्रतिशतभन्दा कम स्वास्थ्य संस्थाले मात्र परिवार नियोजनका ती सेवा दिन सक्दछन्। जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार नेपालमा १५ देखि ४९ वर्षका विवाहित महिलाले परिवार नियोजनका साधन प्रयोग गर्दछन्। साधन प्रयोग गर्ने ५३ प्रतिशत महिलामध्ये ४३ प्रतिशतले आधुनिक साधन तथा सेवाको प्रयोग गर्छन् भने १० प्रतिशतले परम्परागत विधि अपनाउने गर्छन्। नेपालमा सबैभन्दा बढी महिलाले बन्ध्याकरण गर्ने गर्दछन्। यस्तो महिलाको सङ्ख्याको १५ र पुरुषको सङ्ख्या छ प्रतिशतभन्दा माथि उक्लिन सकेको छैन।

परिवार नियोजनको आधुनिक साधन प्रयोग गर्नेमा शिक्षितभन्दा अशिक्षित महिला बढी रहेका उजागर सर्वेक्षणले गरेको थियो। कुनै शिक्षा हासिल नगरेका ५२ प्रतिशत महिलाले आधुनिक साधन र सेवा प्रयोग गर्ने तथा माध्यमिक शिक्षा वा सोभन्दा बढी हासिल गरेका ३४ प्रतिशत महिला मात्रै आधुनिक परिवार नियोजनका साधन प्रयोग गर्ने गरेका छन्। विवाहित महिलामा परिवार नियोजनका साधन तथा सेवाको प्रयोगदरमा उल्लेखनीय सुधार आएको देखिँदैन। सन् १९९६ मा प्रयोगदर २९ प्रतिशत रहेकामा हाल ५३ प्रतिशत मात्र पुगेको छ। सहनिर्देशक डा पुरी भन्नुहुन्छ, “आधुनिक परिवार नियोजनको साधनको प्रयोगदर बढाउनु र सुरक्षित गर्भपतनको पहुँच पुऱ्याउनु जरुरी छ।”


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

# अफगानिस्तानका भूकम्प पीडितलाई पाकिस्तानको सहयोग

इस्लामावाद, ९ असोज (रासस/सिन्ह्वा)।

अफगानिस्तानका भूकम्प पीडितका लागि पाकिस्तानले सहयोगको घोषणा गरेको छ। पाकिस्तानी प्रधानमन्त्रीको कार्यालयले बुधबार एक विज्ञप्ति प्रकाशन गरेर सो कुराको जानकारी गराएको हो।

पाकिस्तानका प्रधानमन्त्रीको कार्यालयद्वारा जारी गरिएको एक विज्ञप्तिमा जनाइएअनुसार ती सहायता सामग्रीहरुमा टेन्ट, लत्ता कपडा, खाद्यान्न र औषधि रहेका छन्।

ती सामग्री बिहीबार नै अफगानिस्तान पुऱ्याइने तयारी गरिएको पनि प्राप्त समाचारमा जनाइएको छ।

अफगानिस्तानको दक्षिण पूर्वीक्षेत्रमा पर्ने खोस्ट सहरनजिकै बुधबार बिहान आएको शक्तिशाली भूकम्पमा परी एक हजार जनाभन्दा बढीको मृत्यु भएको हो।

खोस्ट प्रान्त अन्तर्गत पर्ने स्पेरा जिल्ला सबैभन्दा बढी प्रभावित भएको छ। त्यसैगरी बर्माला, जिरुक, नाका र गायन जिल्ला पनि धेरै प्रभावित भएका बुधबार प्राप्त समाचारमा जनाइएको थियो।

भूकम्पमा परी अहिलेसम्म एक हजार ५०० भन्दाबढी घाइते भएको विवरण प्राप्त भएको प्रहरी अधिकारीले जनाएका छन्।

भूकम्पका कारण धेरै ठाउँका हजारौं भवन तथा भौतिक संरचना क्षतिग्रस्त भएका छन्। स्थानीय समयानुसार बिहान १.३० बजेतिर भूकम्प आएको हो।

घटनास्थलबाट गम्भीर अवस्थामा घाइते रहेकाको उद्धार गरिएको र तथा पुरिएका वा थुनिएकालाई हेलिकोप्टरको सहायताबाट उद्धार गरिएको छ। घटनास्थलमा खोजी तथा उद्धारका लागि दर्जनौं उद्धारकर्ता पनि परिचालित छन्।

अमेरिकी भौगर्भिक सर्वेक्षण संस्थाले जनाएअनुसार भूकम्प ६.१ म्याग्निच्युडको रहेको थियो।

तालिवान सरकारका प्रवक्ता जाबिउल्लाह मुजाहिदले भूकम्पबाट पीडितलाई राहत तथा क्षतिपूर्ति र व्यवस्थापनका लागि सरकारले गृहकार्य गरिरहेको जानकारी दिनुभयो।

# भारतमा बाह्र हजारभन्दा बढी कोरोना संक्रमित

नयाँदिल्ली, ९ असार (रासस/एएनआई)।

बुधबार मध्यराति अर्थात २४ घण्टाको समयावधीमा भारतमा कोरोना भाइरसबाट थप १३ हजार ३१३ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जानकारी दिएको छ।

हाल भारतमा ८३ हजार ९९० सक्रिय सङ्क्रमित रहेका समाचारमा जनाएको छ। सक्रिय सङ्क्रमितको यो सङ्ख्या कुल सङ्क्रमितको ०.१९ प्रतिशत हो।

पछिल्लो एक दिनमा दश हजार ९१२ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। योसँगै भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या चार करोड २७ लाख ३६ हजार २७ पुगेको छ। कोरोना भाइरस निको भएको यो दर ९८.६० प्रतिशत रहेको छ।

कोरोना महामारीबाट मङ्गलबार भारतमा ३५ को मृत्यु भएको छ। यसैसँगै कोरोना शुरु भएबाट हालसम्म यस महामाहरीको कारण पाँच लाख २४ हजार ९०० भन्दाबढीको मृत्यु भएको समाचारमा जनाएको छ।

भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ९६ करोड ६२ लाख डोज खोप लगाइएको समाचारमा जनाइएको छ। यहाँ कोरोना सङ्क्रमण शुरु भएबाट हालसम्म ८५ करोड ९४ लाखभन्दा बढीको कोरोना भाइरस परीक्षण भएको बताइएको छ।

# अठार हजारभन्दा बढी चिनियाँ प्रहरीको फन्दामा

वेइजिङ, ९ असार (रासस/सिन्ह्वा)।

लागूऔषधसम्बन्धी अपराधमा संलग्न भएको अभियोगमा १८ हजारभन्दा बढी सन्दिग्धलाई पक्राउ गरिएको छ। बितेका पाँच महिनामा उनीहरूलाई पक्राउ गरिएको सार्वजनिक सुरक्षा मन्त्रालयले जनाएको छ।

यो वर्षको पहिलो पाँच महिनामा देशभरबाट सात टनभन्दा बढी लागूऔषध बरामद गरिएको जनाउँदै उक्त मन्त्रालयले लागू औषधविरुद्ध कठोर नीति अवलम्बन गरिएको बताएको छ। लागू पदार्थविरुद्धको देशव्यापी अभियान पनि जारी रहने उक्त मन्त्रालयले जनाएको छ।

लागू औषध नियन्त्रण विभागका अनुसार बितेका पाँच वर्षमा चार लाख ५१ हजार लागू औषधसम्बन्धी अपराध पर्दाफार भएका छन् भने पाँच लाख ८८ हजार अभियुक्तलाई हिरासतमा लिइएको छ। सोही अवधिमा तीनसय पाँच टन लागू औषध बरामद भएको छ।

देशको लागूऔषधविरुद्धको अवस्थामा निरन्तर सुधार भइरहेको जनाउँदै सार्वजनिक सुरक्षा मन्त्रालयले लागूऔषध नियन्त्रण प्रणाली र क्षमतालाई पनि आधुनिकीकरण गर्ने थप प्रयास भइरहेका बताएको छ।

# वीरगन्ज नाकाबाट इन्धन आयातमा ७८ प्रतिशत वृद्धि

वीरगञ्ज, ९ असार (रासस)।

देशकै प्रमुख व्यापारिक नाका वीरगञ्जलाई प्रयोग गरी नेपालका लागि हुने इन्धनको आयातमा उलेख्य वृद्धि भएको छ। गत आर्थिक वर्षको ११ महिनाको तुलनामा चालु आवको सोही अवधिमा वीरगञ्ज नाका प्रयोग गरी हुने इन्धन आयातमा ७८ प्रतिशतले वृद्धि भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ।

गत आर्थिक वर्ष २०७७।७८ को साउनदेखि जेठसम्ममा वीरगञ्ज नाका प्रयोग गरी ७४ अर्ब ३४ करोड ६६ लाख मूल्य बराबरको १४ लाख १८ हजार २१७ किलोलिटर डिजेल, पेट्रोल, मट्टितेल हवाई इन्धन आयात भएको थियो। चालु आव २०७८/७९ को सोही अवधिमा वीरगञ्ज नाका प्रयोग गरी नेपालका लागि रु एक खर्ब ५३ अर्ब ३६ करोड ७ लाख मुल्यको २५ लाख ३१ हजार ६ सय ६० किलो लिटर इन्धन आयात भएको छ। यो गत आव भन्दा ७८.५१ प्रतिशत बढी इन्धन आयात हो।

त्यस्तै, वीरगञ्ज नाकाबाट हुने खाना पकाउने एलपिजी ग्याँसको आयातमा समेत करिब ८ प्रतिशतले वृद्धी भएको छ। गत आवमा २ लाख ३९ हजार ६सय ३८ मेट्रिक टन ग्यास आयात भएकोमा चालु आवको सोही समयमा १८ हजार ५०० मेट्रिक टन बढी आर्थत २ लाख ५८ हजार १५० मेट्रिक टन बढी आयात भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ।

नाकाबाट डिजेल, पेट्रोल, हवाई इन्धन तथा खाना पकाउने ग्यासको आयात बढेपनि मट्टितेलको आयात ३० प्रतिशतले घटेको छ। गत आवमा ११ हजार दुईसय २० किलोलिटर इन्धन आयात भएकोमा चालु आवमा ३ हजार ३ सय ६० किलोलिटर कम अर्थात सात हजार ८६०किलोलिटर आयात भएको वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिनुभयो।

उहाँले वीरगन्ज नाकाबाट भित्रिएका डिजेल, पेट्रोल, मट्टितेल लगायतका इन्धन र खाना पकाउने ग्यासबाट गत आवभन्दा चालु आवमा करिब ३४ प्रतिशत बढी राजस्व सङ्कलन भएको बताउनुभयो। गत आवमा रु ५४ अर्ब ५३ करोड ९२ लाख रुपैया राजश्व सङ्कलन भएकोमा चालु आवमा रु १८ अर्ब २८ करोड ३४ लाख बढी अर्थात ७२ अर्ब ८२ करोड २६ लाख रुपैया सङ्कलन भएको बताउनुभयो। नेपालका लागि आवस्यक ७० प्रतिशत इन्धन र ८५ प्रतिशत खाना पकाउने एलपी ग्यास वीरगन्ज नाकाबाटै हुँने गरेको छ।

## बस दुर्घटनामा...

पुर्वबाट पश्चिम तर्फ जाँदै गरेको ना.५ख. १८९८ नम्बरको यात्रुबाहक बस अर्को बसलाई साइड दिने क्रममा सडकबाट २५ मिटर तल खसेर दुर्घट्नामा परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

दुर्घटनामा परि मृत्यु भएको महिला विराटनगरबाट कटारीतर्फ जाँदै गरेको उक्त बसमा कंचनपुर जाने भन्दै सुनसरीको भाण्टावारीमा चढेकी थिइन्। उनको पहिचान खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन्।

यता गम्भीर घाईते हुनेहरुमा बसका सहचालक झापा मेचिनगरका ३८ वर्षिय पदम बहादुर राई, सप्तरीको कन्चनरुप नगरपालिकाका १८ वर्षिय आलोक सेख, उदयपुर कटारी नगरपालिका ३ का ७० वर्षिय मान बहादुर तामाङ, उनकी पत्नी ३८ वर्षिया बिष्णुमाया तामाङलाई थप उपचारका लागी विराटनगर पठाइएको प्रहरीले जनाएको छ।

अन्य घाईते हुनेहरुमा सप्तरीको कंचनरुप नगरपालिकाका विजय साह, असमना खातुन, विवेक कुमार साह, सुनसरीका रविन्द्र खडका, रिन्कु यादव, निर्माला दाहाल, उदयपुरका सीताराम रसाईली, झापाका पदम बहादुर राई र मोरंगका प्रमिला राई छन्। ती सबैको भारदह अस्पतालमा उपचार भईरहेको छ। घटनापछि चालक भने फरार भएका छन् डिएसपी काफ्लेले घट्नाबारे थप अनुसन्धान भइरहेको बताए।

# सत्र एसएसपीलाई डिआइजीमा बढुवाका लागि सिफारिस

काठमाडौँ, ९ असार (रासस)।

नेपाल प्रहरीको जनपद प्रहरी समूहतर्फ १७ प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)लाई प्रहरी नायव महानिरीक्षक (डिआइजी) पदमा बढुवाका लागि सिफारिस गरिएको छ।

प्रहरीको बुधबार बसेको बढुवा समितिको बैठकले प्रहरी नियमावली, २०७१ (संशोधन सहित)को नियम २७ को उपनियम (४) अनुसार १७ एसएसपीलाई डिआइजी पदमा बढुवाका लागि सिफारिस गरिएको बढुवा समितिका सदस्य-सचिव एवं प्रहरी अतिरिक्त महानिरीक्षक पूजा सिंहले जानकारी दिनुभयो।

सिफारिस भएकामध्ये पहिलो नम्बरमा वसन्तबहादुर कुँवर, दोस्रोमा टेकप्रसाद राई, तेस्रोमा अशोक सिंह, चौथोमा दीपक थापा र पाँचौंमा श्यामलाल ज्ञवाली हुनुहुन्छ।

यस्तै, किरण बज्राचार्य, सन्दीप भण्डारी, सुदीप गिरी, मीरा चौधरी, टेकबहादुर तामाङ, उमेशराज जोशी, भीमप्रसाद ढकाल, रामदत्त जोशी, पोषराज पोखरेल, बुद्धिराज गुरुङ, दुर्गा सिंह र किरण राणालाई पनि डिआइजी बढुवाका लागि सिफारिस गरिएको छ।

श्री सोनरा ~~माध्यमिक~~ प्राथमिक विद्यालय सोनरा
गा.पा. महिन्देवा -१

प्र.स. ०७८/०७९
च.न. ४१

मिति :२०७९।०३।०९

उपरोक्त सम्बन्धमा शिक्षा बिकास तथा समन्वय इकाई सप्तरीको च.न. १०६३ मिति २०७९-३-७ गतेको प्राप्त पत्रानुसार प्रा. शि. साधारण दरबन्दि संख्या-१ (एक) शिक्षक पदमा करार र खुल्ला शिक्षक पदपुर्तिका लागि शिक्षा नियमावली २०५९(संसोधन सहित) को नियम ९७(१), (२) र (३) बमोजिम करार सुचीमा रहेका र खुल्ला उम्मेदबारहरुको मिति २०७९-३-९ गते देखि लागु हुने गरी तपशिल बमोजिमको विज्ञापन(सुचना) प्रकासित गरिएको ब्योहोरा जानकारी गराउदछु।

तपशिल

१. विज्ञापन न.- ०१।२०७८।०७९
२. प्रा. वि. : साधारण
३. पद संख्या – १(एक)
४. न्युनतम शैक्षिक योग्यता– आई.एड. बा सो सरह उर्तीण
५.दरखास्त दिने मिति –२०७९-३-९ देखि २०७९-३-२३ गते सम्म विद्यालय समय भित्र
६.परिक्षा दस्तुर– ११००(एक हजार एक सय मात्र) बिद्यालयमा नगद बुझाउनु पर्ने छ।
७.तलब स्केल– प्रचलित एन बमोजिम
८.सर्म्पक मिति – २०७९-३-२४
९.परीक्ष किसीम– लिखित तथा मौखिक र आवश्यकता अनुसार कक्षा अबलोकन समेत
१०.उमेर १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको
११.आवश्यक कागजातहरु
i. शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी १/१ प्रति
ii. नेपाली नागरिकताको प्रतिलिपी १/१ प्रति
iii. स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी १/१ प्रति
iv. हालसालै खिचिएको पासपार्ट साइजको दुवै कान देखिने फोटो २ प्रति
v. शिक्षा सेवा आयोग नियमावली संसोधन सहित २०५७ को नियम १० बमोजिम अयोग्य नभएको हुनु पर्ने छ।
vi. करार सूचिबाट आवेदन पर्न आएमा अन्य आवेदकहरुको परीक्षा दस्तुर फिर्ता गर्ने छ।
vii. समपर्क नम्बर : ९८०७७०४४८५

प्रधानाध्यापक
श्री सोनरा रा.प्रा.वि सोनरा
पकरी,सप्तरी

१


हार्दिक बधाई एवं शुभकामना



यस संस्थाका शेयर सदस्य **श्री सन्जय कुमार दास** राष्ट्रिय युवा परिषद् सप्तरीको अध्यक्ष पदमा मनोनित हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं।

जनज्योती कृषि सहकारी संस्था
राजविराज ९, सप्तरी

सवारी दुर्घटनाबाट बचौं र बचाऔं।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- समय-समयमा सवारीसाधनको मर्मत संभार गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*